छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घोयगा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

आ.व.०८१।८२

**वैठक नं ८**

मितिः२०८१।०८।१४ गते शुक्रवार

समयः विहान ८ वजे

यस गाउँपालिकाका गाउँकार्यापालिकाका अध्यक्ष श्री राम प्रसाद पाण्डेय ज्युको अध्यक्षता तथा तपशिल वमोजिमका कार्यापालिका पदाधिकारीहरूको उपस्थितिमा कार्यपालिकाको वैठक वसि निम्न अनुसारको प्रस्ताव माथी छलफल गरी देहाय अनुसारका निर्णय गरियो ।

<u>तपशिल</u>

| क्र.स. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १. | श्री राम प्रसाद पाण्डेय | गाउँपालिका अध्यक्ष | | |
| २. | श्री सावित्रा ज्ञवाली | गाउँपालिका उपाध्यक्ष | | |
| ३. | श्री घनश्याम न्यौपाने | वडा नं १ वडा अध्यक्ष | | |
| ४. | श्री नरेन्द्र वहादुर पल्ली | वडा नं २ वडा अध्यक्ष | | |
| ५. | श्री तेजकान्त अर्याल | वडा नं ३ वडा अध्यक्ष | | |
| ६. | श्री गुणाकर ज्ञवाली | वडा नं ४ वडा अध्यक्ष | | गाउँकार्यपालिका प्रवक्ता |
| ७. | श्री वीरवहादुर सोमै | वडा नं ५ का.वा.वडा अध्यक्ष | | |
| ८. | श्री नारायण रेश्मी | वडा नं ६ वडा अध्यक्ष | | |
| ९. | श्री कमला ज्ञवाली | कार्यपालिका सदस्य | | |
| १०. | श्री देवकी पन्त | कार्यपालिका सदस्य | | |
| ११. | श्री भगवती न्यौपाने | कार्यपालिका सदस्य | | |
| १२. | श्री सावित्रा वि.क. | कार्यपालिका सदस्य | | |
| १३. | श्री चन्द्र वहादुर सार्की | कार्यपालिका सदस्य | | |
| १४. | श्री राम वहादुर वि.क. | कार्यपालिका सदस्य | | |
| १५. | श्री वीरवहादुर पुन | सदस्य सचिव | | |

अन्य उपस्थितीहरू

| क्र.स. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | हरि टण्डन | प्रशासन छैठो | |
| २. | सन्तोष जि.सि. | लेखा अधिकृत | |
| ४. | सागर खनाल | का.स. | |

CamScanner

छत्रकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घोयगा, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

२०८१।८।१४

मिति २०८१।८।१४ गतेको गाउँ कार्यपालिका वैठकका प्रस्तावना तथा निर्णयहरु

वैठक नं ८

समयःविहान ८ बजे

कार्यसुची तथा निर्णयहरूः

| क्रस. | कार्यसुचीको विषय | प्रस्तुतकर्ता | मिति | कैफियत |
|---|---|---|---|---|
| १. | अघिल्लो वैठकका निर्णयहरू कार्यन्वयन समिक्षा सम्वन्धमा। | अध्यक्ष ज्युको अनुमतिमा प्र.प्र.अ ज्युवाट | २०८१।०८।१४ | २०८१।०७।२९ गते वसेको |
| २. | दोस्रो अध्यक्ष कप संचालनको तयारी रिपोर्ट माथि छलफल संचालन जिम्मेवारी वाडफाड लगायत अन्य विषयमाथि छलफल गर्ने | अध्यक्ष ज्यु को अनुमतिमा शिक्षा शाखा प्रमुख ज्यु वाट | २०८१।०८।१४ | |
| ३. | विभिन्न सेवा प्रवाह गर्ने गरी संचालन सम्पन्न भएको घुम्ति शिविरमा प्रवाह भएको सेवा प्रगति जानकारी सम्वन्धमा | अध्यक्ष ज्युको अनुमतिमा महिला वालवालिका तथा ज्येष्ठ नागरीक शाखा प्रमुख ज्युवाट | २०८१।०८।१४ | |
| ४. | केहि थप योजनाहरू संचालन गर्ने सम्वन्धमा<br>क. भालुपानी जिपलाइन स्टेशनमा मेशिनरी वाल लगाउनु पर्ने<br>ख. भानु प्रा.वि.खेल मैदान तारजाली निर्माण | अध्यक्ष ज्यु को अनुमतिमा प्र.प्र.अ. ज्युवाट | २०८१।०८।१४ | |
| ५. | वर्षायाममा विग्रेका सडकहरूको मर्मत गरेवापत भुक्तानी दिने सम्वन्धमा | अध्यक्ष ज्युको अनुमतिमा प्र.प्र.अ.वाट | २०८१।०८।१४ | |
| ६. | नगर प्रहरीहरूको पद दर्ज्यानी चिन्ह प्रदान गर्ने | अध्यक्ष ज्यु को अनुमतिमा प्र.प्र.अ. ज्युवाट | २०८१।०८।१४ | |
| ७. | निकासा सम्वन्धमा | अध्यक्ष ज्युको अनुमतिमा प्र.प्र.अ.वाट | २०८१।०८।१४ | |
| ८. | प्रस्तावना सिफारिस सम्वन्धमा | अध्यक्ष ज्युको अनुमतिमा रोजगार संयोजक ज्युवाट | २०८१।०८।१४ | |

CS CamScanner

मिति २०८१।८।१४ गतेको गाउँ कार्यपालिका वैठकका प्रस्तावना तथा निर्णयहरु

वैठक नं ८

समयःविहान ८ वजे

| | | | | |
|---|---|---|---|---|
| ९. | भेरिएसन अर्डर जाचवुझ समितिको प्रतिवेदन पेश गर्ने सम्वन्धमा | अध्यक्ष ज्युको अनुमतिमा पुस्कर खनाल ज्यु वाट | २०८१।०८।१४ | |
| १० | भुक्तानी सम्वन्धमा | अध्यक्ष ज्युको अनुमतिमा स्वास्थ्य शाखा प्रमुख ज्युवाट | २०८१।०८।१४ | |

**निर्णयहरू:**

१. छत्रकोट गाउँपालिका गाउँकार्यापालिकाको मिति २०८१।०७।२९ गते वसेको वैठकको निर्णय कार्यन्वयन समिक्षा गरियो।

२. छत्रकोट गाउँपालिकावाट मिति २०८१।०८।१६ गते देखी खज्र्याङ खेल मैदानमा शुरू हुने गाउँपालिका अध्यक्ष कपको तयारी प्रगती विवरण माथि छलफल गरियो। सो सम्वन्धमा पेश भएको कार्यक्रम प्रस्तावनाको अनुमानित वजेटमा अपुग २ लाख रूपैया कुनै शिर्षकवाट रकमान्तर गरी अनुमानित प्रस्तावना स्विकृत गर्ने निर्णय गरियो।

३. छत्रकोट गाउँपालिका अन्तर्गत योजना सम्झौता, अपागं परिचय पत्र वितरण नविकरण , व्यावसाय दर्ता नविकरण तथा ज्येष्ठ नागरीक परिचय पत्र वितरण सम्वन्धी सेवा जोडी सम्पुर्ण वडाहरूमा संचालन भएको घुम्ति शिविरको सम्पुर्ण प्रगती विवरण वैठकमा पेश भइ सो सम्वन्धमा समिक्षा गरियो।

४. छत्रकोट गाउँपालिका अन्तर्गत तत्तकाल तपशिल वमोजिमको योजनाहरू संचालन स्रोत सुनिश्चित गर्ने गरी योजना संचालन गर्ने निर्णय गरियो।

क. भालुपानी जिपलाइन स्टेशनमा मेशिनरी वाल निर्माण ( प्राविधिक स्टेमेट अनुसार )
ख. भानु प्रा.वि.खेल मैदान तारजाली निर्माण ( प्राविधिक स्टेमेट अनुसार)
ग. श्री देविस्थान आधारभुत विधालय कम्पाउण्ड वाल निर्माण वडा नं १ हुगाँ ( प्राविधिक स्टेमेट अनुसार )

५. छत्रकोट गाउँपालिका अन्तर्गत वर्षायाममा विग्रेका सडकहरूको तत्तकाल मर्मत सम्भार गरी संचालन गर्दा प्राविधिक स्टेमेट अनुसारको ९४ घण्टाको स्रोत सुनिश्चित गरी भुक्तानी दिने निर्णय गरियो।

CamScanner

मिति २०८१।८।१४ गतेको गाउँ कार्यपालिका बैठकका प्रस्तावना तथा निर्णयहरु

बैठक नं ८

**समयःविहान ८ बजे**

६. छत्रकोट गाउँपालिका अन्तर्गत करार भर्नामा नियुक्त भएका नगर प्रहरीहरूको पद अनुसारको दर्ज्यानी चिन्ह प्रदान गर्ने निर्णय गरियो।

७. छत्रकोट गाउँपालिकाको वार्षिक स्विकृत वजेट अन्तर्गत रहि देहाय वमोजिम रकमान्तर तथा निकासा गर्ने निर्णय गरियो।

तपशिल

क. वार्षिक स्विकृत कार्यक्रम अन्तर्गत संचालित योजनाहरूको नियमअनुसार हुने कन्टेजेन्सी रकमवाट कार्यालयको प्रशासनिक खर्च तथा अन्य विविध शिर्षकमा खर्च गर्ने निर्णय गरियो।

ख. छत्रकोट गाउँपालिका अन्तर्गत कार्यापालिकाको निर्णय अनुसार संचालनमा रहेका लेन्थ वर्करको दैनिक ज्यालादारी भुक्तानी मर्मत सम्भारकोष र कन्टेजेन्सी खर्च शिर्षकवाट भुक्तानी दिने निर्णय गरियो।

ग. छत्रकोट गाउँपालिका वार्षिक स्विकृत कार्यक्रम मासु पसल सुधारमा विनियोजित रू ४ लाख वाट रू तीन लाख रूपैया सम्पुर्ण वडाहरूमा रहने गरी पशु औषधी खरिद गर्ने निर्णय गरियो।

घ. दोस्रो अध्यक्ष कप कार्यक्रमकोलागी विनियोजित रकममा कार्यक्रमको प्रस्तावना अनुसार थप २ लाख रूपैया स्रोत सुनिश्चित गरी रकमान्तर गर्ने निर्णय गरियो

८. वाल श्रम मुक्त स्थानिय तह घोषणा कार्यक्रम संचालन अनुदानकोलागी वालश्रममुक्त स्थानिय तह घोषणा कार्यविधि २०७७ वमोजिम नेपाल सरकार श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय प्रस्तावनाको सिफारिस गरि पठाउने निर्णय गरियो।

९. छत्रकोट गाउँपालिका ठेक्का नं CRM/GUL/W/NCB-01/080-081,Contruction of Administrative Building Of Chhatrakot Rural Municipality को भेरिएसन आदेश सम्वन्धमा सार्वजनिक खरिद नियमावली २०६४ (संसोधन सहित) को नियम ११८ उपनियम ५ वमोजिम गठित पुर्वाधार विकास शाखाको संयोजकत्वमा गठित जाचवुझ अध्ययन समितिको भेरिएसन आदेश सम्वन्धी प्रतिवेदनलाइ अनुमोदन गर्ने निर्णय गरियो।

१०. छत्रकोट गाउँपालिका वडा नं ३ हर्दिनेटा स्थित नव निर्माण भएको हर्दिनेटा स्वास्थ्य चौकिको समुद्घाटन कार्यक्रमकोलागी स्विकृत प्रस्तावना अनुसार विल भर्पाइ अनुसार भुक्तानी दिने निर्णय गरियो।

CS CamScanner